# Sanjen Jalavidhyut Company Limited
## Kanpanmarga, Kathmandu
### Unaudited Statement of Financial Position
### As on 30th Paush 2079 (Corresponding to 14th January 2023)

*('000)*

| Particulars | This Quarter 2079.09.30 (14.01.2023) | Previous Quarter Ended 2079.06.31 (17.10.2022) | Corresponding Previous Year Quarter Ended 2078.09.30 (14.01.2022) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property Plant and Equipment | 3,683 | 4,932 | 878 |
| Project Capital Work in Progress | 10,386,867 | 10,120,465 | 9,081,737 |
| Term Deposit | - | - | 10,000 |
| **Current Assets** | - | - | - |
| Inventory | 21,358 | 9,407 | 1,405 |
| Advances to Contractors and Consultants | 54,865 | 47,360 | 89,314 |
| Deposits and Margin | 6,360 | 6,360 | 6,799 |
| Prepayments | 72 | 148 | 53 |
| Current Tax Assets | 13,024 | 12,247 | 12,122 |
| Term Deposits with Banks | 350,270 | 270 | 270 |
| Other Advances | 27,156 | 8,258 | 13,810 |
| Bank Balances Call and Current | 54,475 | 13,535 | 28,399 |
| **TOTAL ASSETS** | **10,918,130** | **10,222,982** | **9,244,787** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Paid Up Share Capital | 3,650,000 | 3,285,000 | 3,285,000 |
| Reserves | (228,222) | (228,037) | (182,879) |
| **Liabilities** | - | - | - |
| **Non-Current Liabilities** | - | - | - |
| Loans and Borrowings | 7,008,315 | 6,686,597 | 5,524,624 |
| Deposit Received from Contractors | 248,114 | 283,186 | 248,681 |
| **Current Liabilities** | - | - | - |
| Loans and Borrowings | 192,574 | 141,158 | 350,000 |
| Provisions | 7,281 | 7,281 | 3,602 |
| Other Liabilities and Payables | 40,068 | 47,797 | 15,759 |
| **TOTAL EQUITY AND LIABILITIES** | **10,918,130** | **10,222,982** | **9,244,787** |

# Sanjen Jalavidhyut Company Limited

## Unaudited Statement of Profit or Loss

### From 1st Shrawan to 30th Poush 2079 (from 17th July to 14th January 2023)

*('000)*

| Particulars | This Quarter Ended 2079.09.30 (14.01.2023) | Previous Quarter Ended 2079.06.31 (17.10.2022) | Corresponding Previous year Quarter Ended 2078.09.30 (14.01.2022) |
|---|---|---|---|
| **Revenue** | | | |
| Revenue from Contract with Customers | - | 15 | - |
| Finance income | 5,380 | - | - |
| Other income | 34 | - | - |
| | - | - | - |
| **Operation and Maintenance - Corporate** | - | - | - |
| Employee Benefits | (9,226) | (5,170) | (7,561) |
| Depreciation and Amortization | (2,575) | (1,293) | (286) |
| Operating and Administrative Expenses | (7,253) | (3,916) | (7,910) |
| Impairments and Write-Offs | - | - | - |
| Exchange Gain / (loss) | (36) | (3,926) | 922 |
| | - | - | - |
| **Profit Before Tax** | (13,676) | (14,290) | (14,835) |
| Income Taxes | | | |
| **Net Profit** | (13,676) | (14,290) | (14,835) |

## अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०७९।८० को दोश्रो त्रैमासिक प्रतिवेदन ।

**१. वित्तिय विवरण:**

(क)दोस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरू:

यस कम्पनी अन्तर्गतका जलविद्युत आयोजनाहरु निर्माणको चरणमा रहेकाले गर्दा सामान्य ब्याज आम्दानी बाहेक अन्य आम्दानी नभएकोले प्रतिशेयर आम्दानी नकारात्मक रहेको ।

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी (वार्षिककिरण) रु -०.७५, प्रतिशेयर नेटवर्थ रु ९३.७५ र प्रतिशेयर कुल सम्पतिको मुल्य रु २९९.१३ रहेको छ ।

**२. व्यवस्थापकीय विश्लेषण :**

(क)यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको आमाछोदीङ्गमो गाउँपालिकाको चिलिमे र गोल्जुङ गा.वि.स. मा १४.८ मे.वा. क्षमताको सान्जेन (माथिल्लो) र ४२.५ मे.वा. क्षमताको सान्जेन जलविद्युत आयोजना समेत कुल ५७.३ मेगावाट क्षमताका दुई जलविद्युत आयोजनाहरू निर्माणको अन्तिम चरणमा रहेका छन् । उल्लेखित आयोजनाहरू तोकिएको लागत, गुणस्तर र समयमा सम्पन्न गर्नका लागि कम्पनी व्यवस्थापनले सम्पूर्ण ध्यान केन्द्रीत गरेको छ । हालसम्मको समग्र भौतिक प्रगति हेर्दा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको सिभिल निर्माण कार्यको

करिब ९९ प्रतिशत तथा समग्रमा करिब ९६ प्रतिशत र सान्जेन जलविद्युत आयोजनाको सिभिल निर्माणकार्य करिव ९३ प्रतिशत तथा समग्रमा ८८.५ प्रतिशत रहेको छ । आयोजनाहरू निर्माणको चरणमा रहेको हुँदा विक्री आम्दानी नरहेको व्यहोरा जानकारी गराइन्छ।

स्थानीय रसुवासी सहित अन्य सर्वसाधारण समूह अर्न्तगतको सम्पूर्ण सेयर वापतको रकम रू. ३ अर्ब ६५ करोड चुक्ता भईसकेको छ ।

सम्पूर्ण दिर्घकालीन ऋणपुंजी कर्मचारी सञ्चय कोषबाट लगानी भईरहेको छ। उक्त कर्जामा वार्षिक रुपमा १०.७५ प्रतिशतका दरले हुने व्याज प्रत्येक तीन/तीन महिनामा पुँजीकरण गर्ने गरिएको छ । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म व्याज पूँजीकरण हुदै जाने छ । कर्मचारी सञ्चय कोषसंग पूरक ऋण सम्झौता हुन केही समय लाग्ने देखिएकोले श्री चिलिमे जलविद्यतु कम्पनी लिबाट रु १९ करोड अल्पकालिन सापटी स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ ।

हालसम्मको अवस्था र कार्यप्रगतिको आधारमा कम्पनी अन्तर्गतका निर्माणाधीन जलविद्युत आयोजनाहरु सान्जेन (माथिल्लो) जलविद्युत आयोजना आगामी २०७९ चैत्रमसान्त र सान्जेन जलविद्युत आयोजना आगामी २०८० अषाढ मसान्तसम्ममा सम्पन्न भई सञ्चालनमा आउने अनुमान रहेको छ । कोभिड १९ को पहिलो ,दोश्रो र तेश्रो लहरका कारण ठेकेदारका सम्पुर्ण जनशक्ति, श्रोतसाधनको परिचालनमा थप कठिनाई उत्पन्न भई दुवै आयोजनाका ईलेक्ट्रोमेकानिकल कार्यका ठेकेदारको जनशक्ति आवागमन र मेशीन उपकरण आयातमा भएको रोकावटका कारण ठेकेदारका सम्पूर्ण आवश्यक मेशिन उपकरण र जनशक्ति आयोजना स्थलमा ल्याउन समय लागेकोले आयोजना सम्पन्न हुने मिति केही ढिलो हुने देखिएको छ । कम्पनीको बारम्वारको ताकेता पश्चात ठेकेदारको जनशक्तिवाट मेशीन उपकरण जडान कार्य सूचारु रहेको अवस्था छ । हाल सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे वा ) को अन्य सवै लटका कार्य सम्पन्न भई लट ३ ईलेक्ट्रोमेकानिकल कार्य ठेकेदारले सम्पुर्ण उपकरण साइटमा ल्याई तीव्र गतिमा जडान कार्य गरिरहेको छ ।

उल्लेखित जलविद्युत आयोजनाबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विक्री गरिने छ । यसरी प्राप्त आयलाई आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सधै रहिरहने ।

(ग) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज वाहेकको शुरु लागत अनुमान रु. ५ अर्व २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्व २१ करोड ८० लाख गरी कुल रु. ७ अर्व २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । तर अनुमानित लागतलाई विदेशी विनिमयदर,मुद्रास्फीती, समय, सञ्चालन सम्भार खर्च , कोभिड १९ र राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना क्रमले पनि असर गर्ने देखिएको छ ।

(घ) आयोजनाहरुमा स्वदेशी तथा ठेकेदार कम्पनीहरु कार्यरत रहेकोले गर्दा विदेशी मुद्राको विनिमय दरमा परेको असर, महामारी ,निर्माण सामाग्रीमा हुने मूल्य बृद्धि , विभिन्न समयमा हुने बन्द हड्ताल तथा कोभिड १९ को विश्वव्यापी फैलावट जस्ता घटनाक्रमहरुले आयोजना निर्माणमा असर परिरहेको छ । साथै आयोजना निर्माणको क्रममा विभिन्न सरकारी तथा गैह्र सरकारी निकायबाट प्राप्त गर्नु पर्ने स्वीकृतिहरुमा ढिलाई, समय-समयका अवरोध, प्राकृतिक विपत्ति तथा कावुबाहिरको परिस्थितिहरुका कारण पनि आयोजना निर्माणको गति प्रत्यक्ष वा परोक्ष्य रुपमा प्रभावित हुने गरेको छ ।

(ङ) मित्रराष्ट्र चीन लगायत विश्वमा फैलिएको कोभिड १९ को संक्रमणले आवागमनमा भएको अवरोधका कारण सान्जेन जलविद्युत आयोजनाको लट ३ इलेक्ट्रोमेकानिकल कार्यका चिनिया ठेकेदारले समिक्षा अवधिमा सम्पुर्ण रुपमा उपकरणहरु आयोजनास्थलमा ल्याउन सकिरहेको छैन । पछिल्लो समय रसुवागढी नाकाबाट उल्लेखनीयरुपमा मेशीन उपकरणसाइटमा आइपुगेको र हाल उक्त ठेकेदारले परिचालित जनशक्तिका अतिरिक्त थप जनशक्ति र श्रोत साधन क्रमिकरुपमा थप गर्दै लगिने जानकारी गराएको व्यहोरा अनुरोध छ ।

(च) यस त्रैमासिकको समिक्षा अवधिमा कम्पनीको जिन्सी मौज्दात शिर्षकमा वृद्दि भएको छ । सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति ने.वि.प्रा. को राष्ट्रिय प्रशारण लाइनमा समावेश गर्न निर्माण

सान्जेन जलविद्युत कम्पनी लि

भईरहेको ११ के भि वैकल्पिक प्रशारण लाइन निर्माणको लागि नेपाल विद्युत प्राधिकरणबाट खरिद गरिएको पोलको रकम समावेश भएको कारणले वृद्धि देखिएको छ ।

**३.कानुनी कारवाही सम्वन्धी विवरण :**

यस सम्बन्धमा कुनै कैफियत नभएको ।

**४.संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधारण तरिकाले थप / घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ३१३/- | २१०/- | २८६/- | ५२ | ४६६० |

**५.समस्या र चुनौती :**

सान्जेन (माथिल्लो) जलविद्युत आयोजना १४.८ मे.वा.को हालसम्मको भौतिक प्रगति मूल्यांकन गर्दा चिलिमे हब सव-स्टेशन बन्नु भन्दा पहिले नै सम्पन्न हुनसक्ने संभावना देखिएको हुँदा तत्कालका लागि हालको विद्यमान चिलिमे जलविद्युत केन्द्रको ६६ के.भी. प्रशारण लाइनबाट केही मात्रामा विद्युत प्रशारण गर्न सकिने संभावना देखिएकोले तत्काल थाम्बुचेत-स्याफ्रुबेशी लाइन निर्माण कार्य सम्पन्न गरी कन्टिन्जेन्सी योजना अन्तर्गत विद्युत प्रशारण गर्न वैकल्पिक प्रशारणलाइन निर्माण तिव्र गतिमा भैरहेको छ ।

**६.संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुटै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मको लागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

**७.प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO. LTD.
ESTD 2010

## अनुसूची— १६
## (नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
## विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरुः

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन।

३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन।

४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण – छैन।

५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन।

६ व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण – छैन।

७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन।

८ लेखापरीक्षक परिवर्तन भएमा
आ.व.२०७९/८० का लागि श्री महालेखापरीक्षकको कार्यालयको सिफारिस अनुसार चार्टर्ड एकाउन्टेन्ट श्री संजिव ढकाललाई कम्पनीको वैधानिक लेखापरिक्षकको रुपमा सिफारिस हुनु भएको छ।

९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा – छैन

१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।

११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – स्थानीय आयोजना प्रभावितको लागी छुट्याईएको ३६ लाख ५० हजार कित्ता शेयर निष्काशन गरि रु ३६ करोड ५० लाख वरावरको शेयरपूँजी संकलन गरिएको छ ।

१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।

१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा –। छैन

१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।

१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन

१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा – छैन

१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।

१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– यस भन्दा अगाडि प्रकाशित विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।

१९ ठेगाना परिवर्तन भएमा – छैन।

२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।

२१ नामसारी दाखिल खारेज बन्द – छैन।

२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – छैन।

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – सम्पूर्ण शेयर पूँजी संकलन भएको हुदा सञ्चालकहरुको निर्वाचन गर्नु पर्ने हुदा निर्वाचनका लागी विधिगत तयारी नपुग भएकोले आ व २०७८।७९ को १२औ साधारणसभा नभएको तर चाडै सो साधारण सभा गरिनेछ।

२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – छैन।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDYUT CO. LTD.